# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com

Phone no : + 977 4312515


# आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित

अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :-**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को २०८० साल कार्तिक १ देखि पौष २९ (अक्टोवर १८, २०२३ देखि जनवरी १४ ,२०२४) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**(क) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-**

आर्थिक बर्ष २०८०/०८१ को कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।

दोश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

**(ख) कम्पनीको त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका** प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को दोश्रो त्रैमासिक अवधि (पौष २९ २०८० को अन्त्यमा) | अघिल्लो आ.व.को प्रथम त्रैमासिक अवधि (असोज ३०, २०८० को अन्त्यमा) | गत आ.व. को दोश्रो त्रैमासिक अवधि (पौष ३०, २०७९ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | १.५५ | १.६७ | १.९४ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.०५ | ०.०२ | ०.०४ |
| प्रति शेयर आम्दानी (रु) | ४.१० | १.३९ | ३.३६ |
| प्रति शेयर नेटवर्थ (रु) | ८९.०९ | ८६.११ | ७७.६४ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३९.१८ | २४०.७० | २३७.९५ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | ९१५.६० | १०६६.०० | १२८०.०० |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | २२३.४९ | ७६५.१३ | ३८१.३८ |
| चालु अनुपात | ३.१० | ३.२५ | ३.०३ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रयमासको तथ्यांङकका आधारमा बाह्य तथा आन्तरीक पर्यटकहरुको आगमनमा उल्लेख्य सुधार भएको छ । आर्थिक वर्ष २०७९।०८० को दोश्रो त्रयमासको तुलनामा यस आ.व.को दोश्रो त्रयमासमा कम्पनीको कुल आम्दानी १२.०७ प्रतिशतले तथा कर अघिको नाफामा ६९.३० प्रतिशतले बृद्धि भएको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांक अनुसार वर्ष २०२३ मा करिव १० लाख १४ हजार पर्यटकहरु नेपाल भित्रिएको देखिन्छ । उल्लेखित तथ्यांक आफैमा विश्वव्यापी रुपमा पर्यटन क्षेत्र चलायमान भएको उत्साहजनक सूचक हो । यसबाट मुलुकमा विदेशी मुद्राको आम्दानीमा सकारात्मक प्रभाव पर्न जान्छ भने चन्द्रागिरी हिल्स जस्तो एकिकृत पर्यटकिय गतिविधि संचालन गर्ने कम्पिनिका लागि त झन् ठूलो अवसरका रुपमा लिइएको छ ।

(ग) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्स लिमिटेडको अद्वितीय, मनमोहक र प्राकृतिक वातावरण तथा विभिन्न पर्यटकिय उपजहरुको समुचित उपयोग गरि ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान, अनावश्यक खर्च कटौती एवं नियन्त्रण गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ। यसका लागि कंपनिका संचालकहरुज्यूसंगको छलफल पश्चात कम्पनीका शेयरधनीहरुका लागि विशेष छुट सहितको प्याकेजका अतिरिक्त प्रत्येक शुकवार चन्द्रागिरि हिल्समा घुम्न इच्छुक व्यक्तिहरुको सुविधालाई ध्यानमा राखि संध्याकालीन केवलकार संचालन र सो अवधिको टिकटमा विशेष छुट सहित सेवालाई निरन्तता दिइएको छ। आगामी दिनमा समेत यहाँ घुम्न चाहने पर्यटकलाई नयाँ नयाँ प्याकेज बनाई उपलब्ध गराउने योजना रहेको छ ।

(घ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| दोश्रो त्रैमासिक (२०८० पौष २९ (तदनुसार जनवरी १४, २०२४ सम्म) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | १,१५०.०० | ९१३.०० | ९१५.६० | ४९ | ७,७०९ | ३४३,४४१ |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा हुने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरुको कारण पर्यटन उद्योगमा पर्ने नकरात्मक असरबाट यस कम्पनीमा पर्न सक्ने प्रभाव ।

२. देशमा भईरहने राजनैतिक खिचातानी र उतार चढावका कारणवाट पर्न सक्ने प्रभाव ।

३. पर्यटकिय पूर्वाधारको विकासमा देखिएको सुस्त गतिका कारण आन्तरिक तथा बाह्य पर्यटकिय गतिविधिमा पर्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव ।

४. अस्थिर राष्ट्रिय नीतिवाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।

५. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक सोच, समय सापेक्ष रणनीतिको तथा पर्यटकिय उपजमा भएको विविधिकरण र प्रवर्धनात्मक गतिविधिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरुको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि हुनुका साथै रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा बृद्धि भएको छ ।

ख) कम्पनीमा उपलब्ध सबै सुविधाको समुचित उपयोग, संचालन खर्चमा मितव्ययीता, अनावश्यक खर्चको कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी व्यवस्थापन गर्ने तफ प्राथमिकता दिईएको छ ।

ग) चन्द्रागिरि हिल्समा आउने पर्यटकहरुको भ्रमणलाई थप आकर्षक तथा उत्प्रेरित गर्नका लागि कम्पनीको तर्फबाट विषेश प्रकारको सदस्यता प्रदान गर्ने कार्यक्रम तथा कम्पनीका शेयर सदस्यहरुकालागि विषेश छुट सहितको नयाँ योजना लागु गरिएको छ ।

**६. संस्थागत सुशासन :-**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण:**

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

## अनुसुची १

## Chandragiri Hills Limited

Kathmandu, Nepal

### STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Poush 29, 2080 (Jan 14,2024)

| Particulars | Up to this Quarter ending on Poush 29, 2080 BS (14th January 2024) (Unaudited) | Up to Previous Quarter ending on Ashwin 30, 2080 BS (17th October 2023) (Unaudited) | Corresponding Previous Year Quarter ending on Poush 30, 2079 (14th Jan 2023) (Unaudited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 3,009,126,423 | 2,973,758,225 | 2,997,426,835 |
| (ii) Intangible Asset | 2,852,421 | 2,852,421 | 4,362,260 |
| (iii) Capital Work in Progress | 13,289,367 | - | - |
| (iv) Right of Use of Asset | 43,033,874 | 46,690,605 | 46,690,605 |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 315,700,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,384,002,086** | **3,339,001,251** | **3,364,179,700** |
| **Current Assets** | | | |
| (a) Inventories | 38,259,117 | 50,072,171 | 43,718,359 |
| (b) Account Receivables | 26,729,715 | 32,953,326 | 23,504,325 |
| (c) Cash & Cash Equivalent | 106,737,461 | 158,807,161 | 81,564,602 |
| (d) Loans & Advances | 88,319,633 | 88,721,977 | 120,684,577 |
| (e) Other Current Assets | 25,185,530 | 22,981,650 | 16,725,958 |
| **Total of Current Asset** | **285,231,456** | **353,536,285** | **286,197,821** |
| **Total Asset** | **3,669,233,542** | **3,692,537,536** | **3,650,377,521** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (167,301,740) | (213,098,181) | (342,949,192) |
| Total Equity, Reserve and Surplus | 1,366,789,260 | 1,320,992,819 | 1,191,141,808 |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,116,602,136 | 2,206,134,062 | 2,308,044,282 |
| (b) Deferred Tax Liabilites | 43,914,615 | 9,912,329 | 9,912,329 |
| (c ) Lease Liability | 50,006,632 | 46,690,605 | 46,690,605 |
| **Total of Non-Current Liabilities** | **2,210,523,383** | **2,262,736,996** | **2,364,647,216** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 6,757,884 | 3,741,565 | 3,227,042 |
| (b) Account payable | 30,561,958 | 25,110,760 | 26,994,872 |
| (c) Other Current Liabilities | 54,601,056 | 79,955,398 | 64,366,583 |
| **Total of Current Liabilities** | **91,920,899** | **108,807,722** | **94,588,497** |
| **Total Equity and Liabilities** | **3,669,233,542** | **3,692,537,536** | **3,650,377,521** |

### STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED on Poush 29, 2080 BS (14th Jan 2024)

| Particulars | Upto this Quarter ending on Poush 29, 2080 BS (14th January 2024) (Unaudited) | Upto Previous Quarter ending on Ashwin 30, 2080 BS (17th October 2023) (Unaudited) | Corresponding Previous Year Quarter ending on Poush 30, 2079 (14th Jan 2023) (Unaudited) |
|---|---|---|---|
| Revenue from Operation | 457,537,906 | 206,159,928 | 408,258,050 |
| Cost of sales | 57,259,484 | 26,259,613 | 50,418,987 |
| **Gross Income** | **400,278,422** | **179,900,315** | **357,839,063** |
| Other Income | 7,659,266 | 6,109,106 | 4,280,283 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 82,310,900 | 40,525,972 | 59,237,668 |
| Administrative and Other Expenses | 56,968,688 | 33,049,547 | 50,924,420 |
| **Total Expenses** | **139,279,587** | **73,575,519** | **110,162,088** |
| **Profit Before Interest, Depreciation and Tax** | **268,658,101** | **112,433,902** | **251,957,258** |
| Finance costs | 128,045,618 | 63,370,031 | 134,566,225 |
| **Profit Before Depreciation and Tax** | **140,612,483** | **49,063,871** | **117,391,033** |
| Depreciation and Amortization Expenses | 53,442,679 | 27,690,507 | 65,903,918 |
| **Profit before extra ordinary items and taxes** | **87,169,805** | **21,373,364** | **51,487,115** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | 24,320,025 | | |
| **Profit (Loss) for the period from continuing operations** | **62,849,780** | **21,373,364** | **51,487,115** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **62,849,780** | **21,373,364** | **51,487,115** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 4.10 | 1.39 | 3.36 |
| Diluted Earning per share | 4.10 | 1.39 | 3.36 |